४.४.९ प्रमुख बालीहरुमा कृषि सामग्री (बीउविजन, विषादी, मल) प्रयोग गर्ने कृषक परिवार संख्या

कृषक परिवारले धानको वीउविजन, कीटनाशक बिषादी र मल विभिन्न किसिमको प्रयोग गरेको पाइन्छ। केही कृषक परिवारले कुनै बालीमा स्थानीय/जैविक मल मात्र र केही कृषक परिवारले खनिज/रासायनिक मल मात्र प्रयोग गरेको पाइयो भने केही कृषक परिवारले कुनै बालीमा स्थानिय जैविक मल र खनिज रासायनिक मल गरी दुवै मल प्रयोग गरेको पाइयो ।बागमती प्रदेशमा धान बालीमा अधिकांश कृषक परिवारले स्थानीय वीउको प्रयोग गरेको पाइयो ।धानमा कीटनाशक विषादीको प्रयोग गर्ने कृषक परिवार राप्ती नगरपालिकाको जम्मा धान लगाउने कृषक परिवार मध्ये 89.02 प्रतिशत रहेका छन् त्यसैगरी चितवन जिल्लामा ८२.९६ प्रतिशत कृषक परिवारले धानमा विषादी प्रयोग गरेको पाइएको छ ।

तालिका ४.२८: प्रदेश, जिल्ला र राप्ती नगरपालिकाको धान बालीमा प्रयोग भएको विजनको किसिम र कीटनाशक विषादीको विवरण

क्षेत्र	जम्मा कृषक परिवार संख्या	धान							
		कृषक परिवार संख्या	विजनको किसिम			कीटनाशक विषादीको प्रयोग गर्ने कृषक परिवार संख्या	मलको प्रयोग		
			प्रयोग गर्ने कृषक परिवार संख्या				कृषक परिवार संख्या		
			स्थानीय	उन्नत	वर्णशंकर (हाइब्रिड)		स्थानीय/ जैविक मल	खनिज/ रासायनिक मल	दुवै
बागमती प्रदेश	६६८१७७	३६७९६२	१७९६५५	६१३५७	१२६९५०	१७६८७६	४७६५६	३६५८५	२८३७२१
चितवन	८९५१९	६७५३९	२४११४	२५१३४	१८२९१	५६०३५	४५७०	६२३९	५६७३०
राप्ती	**१०२९९**	**८८७४**	**१६७७**	**५३९४**	**१८०३**	**७९००**	**२८९**	**१४७८**	**७१०७**

स्रोतः-राष्ट्रिय कृषिगणना २०७८

४.४.१० प्रमुख बालीहरुमा कृषि सामग्री (बीउविजन, विषादी, मल) प्रयोग गर्ने कृषक परिवार संख्या

कृषक परिवारले मकैको विउ, कीटनाशक बिषादी र मल विभिन्न किसिमको प्रयोग गरेको पाइन्छ ।बागमती प्रदेशका अधिकांश कृषक परिवारले मकै बालीमा स्थानीय विउको प्रयोग गरेको पाइन्छ ।बागमती प्रदेशका मकै लगाउने जम्मा कृषक परिवार मध्ये ६७.०९ प्रतिशत कृषकले स्थानीय विजन प्रयोग गरेका छन् त्यसैगरी चितवन जिल्लाका मकै लगाउने जम्मा कृषक परिवार मध्ये ४९.५४ प्रतिशत मात्र कृषकले मकैमा स्थानीय विजनको प्रयोग गरेका छन् र राप्ती नगरपालिकाका जम्मा मकै लगाउने कृषक परिवार मध्ये 54.28 प्रतिशत कृषक परिवारले मकैमा स्थानीय विजनको प्रयोग गरेका पाइयो । यहाँका अधिकांश मकै लगाउने कृषक परिवार वर्णशंकर (हाइब्रिड) बिजन प्रति आकर्षित भएको देखिन्छ ।मकैमा कीटनाशक विषादीको प्रयोग गर्ने कृषक परिवार राप्ती नगरपालिकाको जम्मा मकै लगाउने कृषक परिवारको ५३.६९ प्रतिशत रहेका छ त्यसै गरी चितवन जिल्लामा ६६.९० प्रतिशत र बागमती प्रदेशका २९.३२ प्रतिशत कृषक परिवारले मकैमा विषादी प्रयोग गरेको पाइएको छ।

तालिका ४.२९: प्रदेश, जिल्ला र राप्ती नगरपालिकाको मकै बालीमा प्रयोग भएको विजनको किसिम र कीटनाशक विषादीको विवरण

क्षेत्र	जम्माकृषक परिवार संख्या	मकै							
		कृषक परिवार संख्या	विजनको किसिम			कीटनाशक विषादीको प्रयोग गर्ने कृषक परिवार संख्या	मलको प्रयोग		
			प्रयोग गर्ने कृषक परिवार संख्या				कृषक परिवार संख्या		
			स्थानीय	उन्नत	वर्णशंकर (हाइब्रिड)		स्थानीय/जैविक मल	खनिज / रासायनिक मल	दुवै
बागमती प्रदेश	६६८१७७	५७०७५५	३८२९४१	६२३०५	१२५५०८	१६७३९५	१२११४०	२९२०२	४२०४१२
चतवन	८९५१९	६६०१८	३२७०७	१५०८२	१८२२९	४४१७०	२१५३७	३०६३	४१४१८
राप्ती	**१०२९९**	**५८८०**	**३१९२**	**१७१५**	**९७४**	**३१५७**	**१७५०**	**२८९**	**३८४२**

स्रोतः-राष्ट्रिय कृषिगणना २०७८

४.४.११ प्रमुख बालीहरुमा कृषि सामग्री (बीउविजन, विषादी, मल) प्रयोग गर्ने कृषक परिवार संख्या

गहुँ बालीमा उन्नत वीउ भन्दा बढी स्थानीय वीउको प्रयोग गर्ने कृषक परिवार बढी छन् ।गहुँ लगाउने जम्मा कृषक परिवार मध्ये राप्ती नगरपालिकाका २५.९७ प्रतिशत कृषक परिवारले कीटनाशक विषादीको प्रयोग गरेको त्यसैगरी चितवन जिल्लाका ४६.१९ प्रतिशत कृषक परिवारले कीटनाशक विषादीको प्रयोग गरेको र बागमती प्रदेशका १२.०८ कृषक परिवारले गहुँमा विषादी प्रयोग गरेको पाइएको छ ।

तालिका ४.३०: प्रदेश, जिल्ला र राप्ती नगरपालिकाको गहुँ बालीमा प्रयोग भएको विजनको किसिम र कीटनाशक विषादीको विवरण

क्षेत्र	जम्मा कृषक परिवार संख्या	गहुँ						
		कृषक परिवार संख्या	विजनको किसिम		कीटनाशक विषादीको प्रयोग गर्ने कृषक परिवार संख्या	मलको प्रयोग		
			प्रयोग गर्ने कृषक परिवार संख्या			कृषक परिवार संख्या		
			स्थानीय	उन्नत		स्थानीय/ जैविक मल	खनिज/ रासायनिक मल	दुवै
बागमती प्रदेश	६६८१७७	१५१६८३	१२४३१०	२७३७३	१८३३०	६२१२२	१३०९०	७६४७०
चतवन	८९५१९	९२८५	६६७१	२६१४	४२८९	३९५७	७९५	४५३३
राप्ती	**१०२९९**	**९७४**	**५९५**	**३७९**	**२५३**	**३९७**	**९०**	**४८७**

स्रोतः-राष्ट्रिय कृषिगणना २०७८

४.४.१२ क्षेत्र अनुसार पाल्तु चौपाया संख्या र कृषक परिवार

राष्ट्रिय कृषि गणना २०७८ अनुसार पाल्तु चौपाया पाल्ने कृषक परिवारको जम्मा संख्या राप्ती नगरपालिकामा ८,२०७ रहेका छन् जुन जम्मा कृषक परिवार को ७९.६८ प्रतिशत हो ।त्यसै गरी चितवन जिल्लामा पशु चौपाया पाल्ने कृषक परिवार जम्मा कृषक परिवारको ६९.९४ प्रतिशत रहेका छन् भने बागमती प्रदेशमा जम्मा कृषक परिवार मध्ये ७७.१६ प्रतिशत कृषक परिवारले पशु चौपाया पालेका छन्।

तालिका ४.३१: प्रदेश, जिल्ला र राप्ती नगरपालिकाको पाल्तु चौपाया र कृषक परिवार विवरण

क्षेत्र	जम्मा कृषक परिवार संख्या							
		पशु चौपाया पाल्ने कृषक परिवारको जम्मा संख्या	गाई/गोरु		राँगा/भैंसी		बाख्रा/च्याङ्ग्रा	
			कृषक परिवार संख्या	गाई/गोरु संख्या	कृषकपरिवार संख्या	राँगाभैंसी/संख्या	कृषक परिवार संख्या	बाख्रा/च्याङ्ग्रा संख्या
बागमती प्रदेश	६६८१७७	५१५५८५	२३१६८१	५८५४१३	२२५८९६	४५४४४०	४०७५३४	२९०७४२१
चतवन	८९५१९	६२६१३	२७६६५	७४८९७	२४१३१	५११०४	४२७२९	२६०१०८
राप्ती	**१०२९९**	**८२०७**	**४७०९**	**१२५९९**	**२५२४**	**५३३८**	**५३७६**	**३१६१०**

स्रोतः-राष्ट्रिय कृषिगणना २०७८

४.४.१३ क्षेत्र अनुसार पाल्तु चौपाया तथा पन्छीको संख्या र कृषक परिवार

पाल्तु चौपाया तथा पन्छी जोसुकैको स्वामित्वमा रहेको भएता पनि गणनाको दिनमा कृषि चलनभित्र रहेका र कृषि प्रयोजनको लागि पालिएका सबै घरपालुवा चौपाया तथा पन्छीहरुको गणना राष्ट्रिय कृषि गणना २०७८ मा गरिएको थियो ।यसरी कृषि प्रयोजनका लागि पालिएका कुखुरा, हाँस आदिको सँख्या राप्ती नगरपालिकामा २,०४,२४७ छ भने अन्य पन्छी जस्तै कालिज अस्ट्रिज आदि फुल वा मासु खानको पालिएको पन्छी संख्या १६,१७८ रहेको छ ।राप्ती नगरपालिकामा पन्छी पाल्ने कृषक परिवार १४.१८ प्रतिशत रहेकोमा चितवन जिल्लामा १७.३३ प्रतिशत छन् । त्यसै गरी बागमती प्रदेशमा ९.२८ कृषक परिवारले पाल्तु पन्छी पालेका छन्।

तालिका ४.३२: प्रदेश, जिल्ला र राप्ती नगरपालिकाको पाल्तु चौपाया र कृषक परिवार विवरण

क्षेत्र	जम्मा कृषक परिवार संख्या	पाल्तु चौपाया						पाल्तु पन्छी			
		भेंडा/भेंडी		सुगुँर/बंगुर		अन्य पशु		कुखुरा		अन्य पन्छी	
		कृषकपरिवार संख्या	भेंडाभेंडी/संख्या	कृषक परिवारसंख्या	सुगुँरबंगुर/संख्या	कृषक परिवारसंख्या	अन्य पशु संख्या	कृषक परिवारसंख्या	कुखुरा संख्या	कृषक परिवारसंख्या	अन्य पन्छी संख्या
बागमती	६६८१७७	१९८४०	८२५६२	६७०१३	१९२९०१	२१३०	५३३४	३४०५६५	६५९९४४४	६२०४५	६२५९५८
चतवन	८९५१९	४५२	३४२९	२६५७	१२५५६	१६७	३३५	२९३७६	६९५८८७	१५५१९	१७८५७१
राप्ती	**१०२९९**	**०**		**४५१**	**२२५३**	**३६**	**५४**	**४२३८**	**२०४२४७**	**१४६१**	**१६१७८**

स्रोतः-राष्ट्रिय कृषिगणना २०७८

४.४.१४ कृषि कामदारको किसिमअनुसार कामदारहरुको संख्या र कामदार प्रयोग गर्ने कृषक परिवार संख्या

राष्ट्रिय कृषि गणना २०७८ मा सन्दर्भ अवधि (१७ पुस २०७७ देखि १६ पुस २०७८ सम्म) भित्र मुख्य कृषकले कृषि चलनमा स्थायीरुपमा काम गर्ने कामदारहरुको संख्याको विवरण लिइएको छ ।परिवारका सदस्य वाहेक खाद्यान्न तथा अन्य बाली उब्जाउने वा पशुपालन गर्ने वा अन्य कृषिकार्यमा संलग्न व्यक्ति जसले नगद वा जिन्सी वा अन्य कुनै सर्तमा पारिश्रमिक लिएर काम गर्ने गर्दछन् त्यस्ता व्यक्तिलाइ कृषि कामदार भनिन्छ ।राप्ती नगरपालिकामा १९९ कृषक परिवारले ४८८ स्थायी कामदार र ६,८३६ कृषक परिवारले ३,६०,१६७ अस्थायी कामदार व्यक्ति दिन प्रयोग गरेका छन् ।

तालिका ४.३३ : प्रदेश, जिल्ला र राप्ती नगरपालिकाको कृषि कामदारको विवरण

क्षेत्र	जम्मा कृषक परिवार संख्या	स्थायी कामदार				अस्थायीकामदार			
		कामदार प्रयोग गर्ने कृषक परिवार संख्या	स्थायी कामदार संख्या			कामदार प्रयोग गर्ने कृषक परिवार संख्या	अस्थायी कामदारको व्यक्ति दिन		
			जम्मा	पुरुष	महिला		जम्मा	पुरुष	महिला
बागमती प्रदेश	६६८१७७	५१६८	९१८६	४९४०	४२४७	३४२३६१	१२१३८००२	४६५९७९४	७४७८२०८
चतवन	८९५१९	१००२	२०११	११३९	८७२	५३८७२	२४१७७९३	७५१९८८	१६६५८०५
राप्ती	**१०२९९**	**१९९**	**४८८**	**३०७**	**१८१**	**६८३६**	**३६०१६७**	**७५०७७**	**२८५०९०**

स्रोतः-राष्ट्रिय कृषिगणना २०७८

४.४.१५ कृषि कामदारको किसिमअनुसार कामदारहरुको संख्या र कामदार प्रयोग गर्ने कृषक परिवार संख्या

सन्दर्भ अवधिमा बागमती प्रदेशमा ५५.६७ प्रतिशत कृषक परिवारले आफ्नो कृषि चलनमा कृषिकार्यको लागि पर्ममा कामदार लगाएका छन् भने ठेक्कामा २.७१ प्रतिशत कृषक परिवारले आफ्नो कृषिचलनमा कृषिकार्यको लागि ठेक्कामा कामदारको प्रयोग गरेका छन् ।त्यस्तै राप्ती नगरपालिकामा ३४.६६ प्रतिशत कृषक परिवारले आफ्नो कृषि चलनमा कृषिकार्यको लागि पर्ममा कामदार लगाएका छन् भने ठेक्कामा २०.८५ प्रतिशत कृषक परिवारले आफ्नो कृषि चलनमा कृषिकार्यको लागि ठेक्कामा कामदारको प्रयोग गरेका छन्।

तालिका ४.३४: प्रदेश, जिल्ला र राप्ती नगरपालिकाको कृषि कामदारको विवरण

क्षेत्र	जम्मा कृषक परिवार संख्या	पर्ममा लगाएका कामदार				ठेक्कामा लगाएका कामदार			
		कामदार प्रयोग गर्ने कृषक परिवार संख्या	पर्ममा लगाएका कामदारको व्यक्ति दिन			कामदार प्रयोग गर्ने कृषक परिवार संख्या	ठेक्कामालगाएका कामदारको व्यक्ति दिन		
			जम्मा	पुरुष	महिला		जम्मा	पुरुष	महिला
बागमती प्रदेश	६६८१७७	३७२०१२	१०१३४७५६	४०२३७४५	६१११०११	१८१२२	४५०१७१	२९४६४४	१५५५२७
चतवन	८९५१९	२८०११	५५३८७४	१३१५८०	४२२२९४	९७३३	२५९४२६	२०२६६३	५६७६३
राप्ती	**१०२९९**	**३५७०**	**८३०२६**	**२०१७३**	**६२८५३**	**२१४८**	**५८२१३**	**५१५९८**	**६६१६**

स्रोतः-राष्ट्रिय कृषिगणना २०७८

४.४.१६ स्थानीय तहअनुसार कृषि ऋण, थप ऋणको आवश्यकता, बिमा तथा अनुदान प्राप्त गर्ने कृषक परिवार संख्या

कृषक परिवारले कृषि कार्यको लागि बचत तथा सहकारी संस्था, बाणिज्य बैंक, विकास बैंक, फाइनान्स, लघुवित्त, कृषक समुह आदि विभिन्न संस्था तथा साहुमहाजन बाट ऋण लिएका हुन्छन् । राष्ट्रिय कृषि गणनामा गणनाको दिन सम्म कृषि चलनले ऋण उपयोग गरिरहेको अवस्थाको ऋण लिइएको छ । राप्ती नगरपालिकामा 1732 कृषक परिवारले कृषि ऋण लिएका छन् । सन्दर्भ अवधिमा कृषक परिवारले खाद्यान्न बाली, पशुपालन आदिको वीमा गरेको विवरण लिइएको छ । कृषि कार्यको लागि सरकारी अनुदान प्राप्त गरेका कृषक परिवारहरुको संख्याको विवरण पनि लिइएको छ । सरकारी अनुदान प्राप्त गर्ने कृषक परिवार संख्या राप्ती नगरपालिकामा ३७९ रहेका छन् भने चितवन जिल्लामा ४,६६२ कृषक परिवार छन् । त्यस्तै बागमती प्रदेशमा सरकारी अनुदान प्राप्त गरेका कृषक परिवार संख्या ५५,४७७ रहेका छन् ।

तालिका ४.३५: प्रदेश, जिल्ला र राप्ती नगरपालिकाको कृषि ऋण, कृषि बिमा र अनुदानको विवरण

क्षेत्र	जम्माकृषक परिवार संख्या	कृषि ऋण लिएकाकृषक परिवार संख्या	कृषि ऋण थप / ऋणकोआवश्यकता उल्लेख गर्ने कृषक परिवार संख्या	कृषि क्रियाकलापकोलागि बिमा गरेका कृषक परिवार संख्या	कृषि कार्यको लागिसरकारी अनुदान प्राप्त गरेका कृषक परिवार संख्या
बागमती प्रदेश	६६८१७७	८२३९३	२४८७३७	६९१३७	५५४७७
चतवन	८९५१९	१३२६५	२८३७५	१४४९५	४६६२
राप्ती	**१०२९९**	**१७३२**	**३३१८**	**२३६५**	**३७९**

स्रोतः-राष्ट्रिय कृषिगणना २०७८

४.४.१७ जलवायु परिवर्तन बारे जानकारी राख्ने र कृषि कार्यमा जलवायु परिवर्तनले पुऱ्याएको प्रभावअनुसार कृषक परिवार संख्या

कुनै स्थान विशेषमा हुने मौसमी अवस्थाको धेरै वर्षहरुको औसत स्थिति त्यस स्थानको जलवायु हो भने जलवायु परिवर्तन भनेको त्यस्तो औसत अवस्थामा देखिने परिवर्तन हो । जलवायु परिवर्तनले कृषि चलनको कृषि कार्यमा पनि प्रभाव पारेको छ । जनवायु परिवर्तनले कृषि कार्यमा पुऱ्याएको प्रभावको विषयमा राष्ट्रिय कृषिगणना २०७८ ले कृषि चलन सँग जानकारी लिइएको छ । राप्ती नगरपालिकामा जलवायु परिवर्तनको बारेमा थाहा हुने कृषक परिवार जम्मा कृषक परिवारको २३.९८ प्रतिशत रहेकोमा चितवन जिल्लामा ४१.११ कृषक परिवारले जलवायु परिवर्तन वारे थाहा भएको जानकारी दिनुभएको छ भने बागमती प्रदेशका ४२.५५ प्रतिशत कृषक परिवार जलवायु परिवर्तन बारे जानकार रहेका पाइएको छ ।

तालिका ४.३६: प्रदेश, जिल्ला र राप्ती नगरपालिकाको जलवायु परिवर्तन जानकार परिवार विवरण

क्षेत्र	जम्मा कृषक परिवार संख्या	जलवायु परिवर्तन बारे थाहा हुने कृषक परिवार संख्या	कृषि कार्यमा जलवायु परिवर्तनले पुऱ्याएको प्रभाव उल्लेख गर्ने कृषक परिवार	कृषि कार्यमा जलवायु परिवर्तनले पुऱ्याएको प्रभाव अनुसार कृषक परिवार									
				उत्पादनमा कमी	उत्पादनमा बृद्धि	फल फसल/को आकार मापरिवर्तन	स्वादमा परिवर्तन	बाली लगाउने समयमाफरक	धेरै वा कम वर्षा	रोग / किराकोप्रकोपमा बृद्धि	ब्रिडिङ समय मापरिवर्तन	प्रजाति को लोप/उत्थान	अन्य
बागमती	६६८१७७	२८४३६५	२६१४१४	२२०४३३	२०६१३	६२३३७	६०११६	१०९८९७	१४३२६७	१६८६९२	१९३९७	१६४८०	९४२
चतवन	८९५१९	३६८०७	३२३३२	२७४३८	९१५	५९५७	३०९९	७८७७	१७४८२	१५८५४	१३५४	९२३	१४३
राप्ती	**१०२९९**	**२४७०**	**२३४४**	**१९८४**	**१२६**	**२७०**	**१९८**	**४८७**	**१४२४**	**११७२**	**५४**	**३६**	**०**

स्रोतः-राष्ट्रिय कृषिगणना २०७८

४.४.१८ कृषि चलनबाट निस्किएका फोहोरको निम्नअनुसार व्यवस्थापन गरेका कृषक परिवार संख्या

सन्दर्भ अवधिमा कृषि कार्यबाट निस्केका डाँट, जरा, ठुटा लगाएत बालिको अवशेषलाइ कृषक परिवारले कसरी ब्यवस्थापन गरेका थिए विवरण यस टेवलमा क्षेत्रगत रुपमा राखिएको छ ।कृषि चलनबाट निस्किएका फोहरको ब्यवस्थापन अधिकांश कृषक परिवारले कम्पोष्ट मल बनाएर गरेको पाइयो ।राप्ती नगरपालिकाको ७१६२ कृषक परिवारले कृषि चलनबाट निस्किएको फोहरलाइ कम्पोष्ट मल बनाएर ब्यवस्थापन गरेका छन् ।

तालिका ४.३७: प्रदेश, जिल्ला र राप्ती नगरपालिकाको फोहोर व्यवस्थापन किसिम अनुसारको विवरण

क्षेत्र	जम्मा कृषक परिवार संख्या	कृषि चलनबाट निस्किएका फोहोरको निम्नअनुसार व्यवस्थापन गरेका कृषक परिवार संख्या						
		गाडेर	जलाएर	फोहोरव्यवस्थापकलाई पठाएर	कम्पोष्ट बनाएर	इन्धनको रुपमाप्रयोग गरेर	अन्य तरिकालेव्यवस्थापन गरेर	कुनै व्यवस्थापननगरेको
बागमती	६६८१७७	२४८८९८	३५१८११	५७१५८	३७३२७०	९५५४६	११२३९४	३७६९३
चतवन	८९५१९	३८३४२	३०३४७	१४८६४	४७९१२	२८१०	१६४१७	४२४२
राप्ती	**१०२९९**	**३७८७**	**३४८२**	**३४४६**	**७१६२**	**४८७**	**२३४५**	**४६९**

स्रोतः-राष्ट्रिय कृषिगणना २०७८

४.४.१९ लिङ्गअनुसार मुख्य कृषकको संख्या तथा कृषक परिवारको जनसंख्या

बागमती प्रदेश, चितवन जिल्ला र राप्ती नगरपालिकाका जम्मा कृषक परिवार को संख्या, ति कृषक परिवारको मुख्य कृषकको लिङ्ग अनुसारको संख्या र कृषक परिवारहरुमा भएका लिङ्ग अनुसारको जनसंख्याको विवरण यस तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका ४.३८: प्रदेश, जिल्ला र राप्ती नगरपालिकाको लिङ्ग अनुसारको कृषक परिवारको विवरण

क्षेत्र	जम्माकृषक परिवार संख्या	लिङ्गअनुसारमुख्य कृषक संख्या		कृषकपरिवारको जनसंख्या	
		पुरुष	महिला	पुरुष	महिला
बागमती	६६८१७७	४१९५४४	२४८६३४	१३२४७५८	१३९८८७२
चतवन	८९५१९	५११९६	३८३२३	१८८८२४	२०३०३५
राप्ती	**१०२९९**	**५५३८**	**४७६१**	**२२००४**	**२४४९३**

स्रोतः-राष्ट्रिय कृषिगणना २०७८

४.४.२० लिङ्गअनुसार कृषि तालिम, कृषि कार्यसम्बन्धी निर्णयमा सहभागिता तथा कृषि क्रियाकलापमा सरदर दिएको समय उल्लेख गर्ने १० वर्ष वा सोभन्दा माथी उमेरका कृषक परिवारको जनसंख्या

१० वर्ष वा सो भन्दा माथि उमेर भएका सदस्यहरुले औपचारिक तालिम लिएका, कृषिकार्य सम्वन्धी निर्णयमा सहभागिता जनाएका र कृषि क्रियाकलापमा सरदर संलग्न भएको समयको विवरण यस तालिकामा प्रस्तुत गरिएको छ । औपचारिक तालिम भन्नाले सरकारी वा अर्धसरकारी वा गैरसरकारी निकायबाट निश्चित विधि र प्रक्रियाबाट संचालित न्यूनतम एक दिनको जुनसुकै प्रकारको कृषि तथा पशुपालन सम्वन्धी तालिमनै औपचारिक कृषि तालिम हो ।कृषक परिवारमा सदस्यहरुले कृषि कार्य सम्बन्धी जस्तै आम्दानी, खर्च, बाली, विउ विजन, मलखाद तथा पशुआहार खरिद कृषि उत्पादन बिक्री आदि सम्वन्धी निर्णयमा सहभागिता जनाएका हुनसक्छन् ।राप्ती नगरपालिकामा कृषि कार्य सम्वन्धी निर्णयमा सहभागिता जनाउने कृषक परिवारको पुरुप जनसंख्या १२,१९३ र महिला जनसंख्या १५,००६ रहेको छ।

तालिका ४.३९: प्रदेश, जिल्ला र राप्ती नगरपालिकाको लिङ्ग अनुसारको कृषक परिवारको जनसंख्या र कृषि कार्य गरेको समय अनुसार कृषक परिवार विवरण

क्षेत्र	औपचारिककृषि तालिम लिएका कृषक परिवारको जनसंख्या		कृषिकार्यसम्बन्धी निर्णयमा सहभागिता जनाउने कृषक परिवारको जनसंख्या		कृषि क्रियाकलापमा सरदर दिएको समयअनुसार कृषक परिवारको जनसंख्या									
					कम (<40%)		करिब आधा (40%-59%)		धेरै (60%-99%)		सवै (100%)		समय नै नदिएको	
	पुरुष	महिला	पुरुष	महिला	पुरुष	महिला	पुरुष	महिला	पुरुष	महिला	पुरुष	महिला	पुरुष	महिला
बागमती	७९२०७	७६७६४	७३९०००	७८८९७३	२६४०५५	२३१८६८	१८२११५	१९५५३७	२५६९७०	३११४३२	२३८०३९	३१४१५८	१९७९१९	१७९३६४
चतवन	१०५७६	९३८७	१०५०५३	१२०४३१	३८८५९	३४८१८	२६९३८	३११२९	३६७७३	४६५०३	२९४३८	३९९०६	२७९१८	२६५९०
राप्ती	**७४०**	**९५६**	**१२१९३**	**१५००६**	**४२२१**	**३७५२**	**३३५४**	**४४५४**	**४३६६**	**७५७७**	**२५२५**	**२३२६**	**४२०१**	**३०३०**

स्रोतः-राष्ट्रिय कृषिगणना २०७८

४.४.२१ कृषि चलनमा परिवारमूली र कृषि चलनको स्थिति

एक परिवारले एकमात्र कृषि चलन सञ्चालन गरेको भए एक चलन परिवार, एक कृषक परिवारले एक भन्दा बढी छुट्टाछुट्टै ब्यवस्थापन र हिसाब किताब राखेर कृषि कार्य गरेमा बहुचलन र दुई वा सो भन्दा बढी कृषक परिवारले साझेदारीमा साझा व्यवस्थापन तथा खर्चमा चलाएको कृषि चलन साझा चलन हो ।राप्ती नगरपालिकामा एक चलन परिवार १०,१०१ रहेका छन् भने बहुचलन परिवार १८० मात्र रहेको छ ।कृषि चलनको साझा चलनको परिवार १८ रहेको पाइयो।

तालिका ४.४० प्रदेश, जिल्ला र राप्ती नगरपालिकाको परिवारमूली अनुसार कृषक परिवार विवरण

क्षेत्र	जम्माकृषक परिवार संख्या	परिवारमूली		कृषि चलनको स्थिति		
		मुख्यकृषक आफै परिवारमूली	परिवारमूली अन्यव्यक्ति	एकचलन परिवार	बहुचलन परिवार	साझाचलनपरिवार
बागमती	६६८१७७	५८३६५७	८४५२०	६५९०७३	७७८८	१३१६
चतवन	८९५१९	७५९८८	१३५३१	८८३३६	१०५४	१२९
राप्ती	**१०२९९**	**८७१२**	**१५८७**	**१०१०१**	**१८०**	**१८**

स्रोतः-राष्ट्रिय कृषिगणना २०७८

४.४.२२ कृषि चलनको प्रमुख उत्पादन/क्रियाकलापअनुसार कृषक परिवार संख्या

कृषक परिवारहरुले मुख्यतथा खाद्यान्न बाली, तरकारी बाली, नगदे बाली, पशुपालन, पन्छीपालन आदि कृषि क्रियाकलापहरु गरेका छन् ।अधिकांश कृषकले मुख्यतथा खाद्यान्न बाली लगाएका छन् । राप्ती नगरपालिकामा ८७.९१ प्रतिशत कृषक परिवारले खाद्यान्न बाली लगाएका छन् भने तरकारी बाली लगाउने कृषक परिवार जम्मा ६.६५ प्रतिशत मात्र रहेका छन् ।

तालिका ४.४१: प्रदेश, जिल्ला र राप्ती नगरपालिकाको प्रमुख उत्पादन अनुसार कृषक परिवार विवरण

क्षेत्र	जम्माकृषक परिवार संख्या	कृषि चलनको प्रमुख उत्पादन/क्रियाकलापअनुसार कृषक परिवार संख्या						
		खाद्यान्नबाली	तरकारी बाली	फलफूल बाली	नगदे बाली	पशुपालन	पन्छीपालन	अन्य
बागमती	६६८१७७	५६७७११	७३८४०	२२३६	१४५२	१४२०४	४२२५	४५०९
चतवन	८९५१९	७६०३३	८३४७	३८३	०	२६६८	११५६	९३२
राप्ती	**१०२९९**	**९०५४**	**६८५**	**०**	**०**	**४३३**	**७२**	**५४**

स्रोतः-राष्ट्रिय कृषिगणना २०७८

४.४.२३ कृषि चलनबाट भएको प्रमुख उत्पादनको मुख्य प्रयोगअनुसार कृषक परिवार संख्या

कृषक परिवारले आफ्नो कृषि चलन बाट उत्पादित कृषि उत्पादन मुख्यतया कुन रुपमा प्रयोग भयो भन्ने जानकारी यस तालिकाले दिन्छ । कुनै कृषक परिवारले उत्पादन गरेका कृषि उपजहरु सो कृषि चलनले सबै घरायसी उपभोग गरेको हुनसक्छ वा कुनै कृषि चलनले सबै उत्पादन बिक्री गरेको पनि हुनसक्छ वा केही घरायसी उपभोग र केही बिक्री गरेको पनि हुनसक्छ ।तलको तालिका अनुसार अधिकांश कृषक परिवारहरुको उत्पादन मुख्यतया सबै घरायसी उपभोगमा प्रयोग भएको देखिन्छ ।राप्ती नगरपालिकाको ५३.२३ प्रतिशत कृषक परिवारले मुख्यतया आफ्नो उत्पादन घरायसी उपभोग गरेका छन् ।

तालिका ४.४२: प्रदेश, जिल्ला र राप्ती नगरपालिकाको कृषि उत्पादनको मुख्य प्रयोगअनुसार कृषक परिवार विवरण

क्षेत्र	जम्मा कृषक परिवार संख्या	कृषि उत्पादनको मुख्य प्रयोगअनुसार कृषक परिवार संख्या			
		सबै घरायसीउपभोग	मुख्य घरायसीउपभोग र केही बिक्री	मुख्य बिक्री र केही घरायसी उपभोग	सबै बिक्री
बागमती प्रदेश	६६८१७७	४४३८६३	१६८८६८	४९४७०	५९७६
चतवन	८९५१९	५५३३८	२६९७५	६१२१	१०८४
राप्ती	**१०२९९**	**५४८३**	**३६०७**	**९३८**	**२७०**

स्रोतः-राष्ट्रिय कृषिगणना २०७८

४.४.२४ कृषक परिवारको आम्दानीको मुख्य स्रोत, आफ्नै कृषि उत्पादनबाट भएको आम्दानीले मात्र वर्षभरी परिवारलाई खान नपुग्ने कृषि चलनको अवस्था तथा परिवारलाई खान नपुग्ने अवधिअनुसार कृषक परिवार संख्या

कृषक परिवारले कृषि बाहेकका उद्योग, व्यापार, व्यवसाय, नोकरी लगायतका अन्य गैरकृषि कार्यबाट पनि आम्दानी प्राप्त गरिरहेका हुनसक्छन् ।कृषक परिवारको आम्दानीको स्रोतहरु विभिन्न हुन सक्ने भएतापनि आफ्नै कृषि क्रियाकलाप जस्तै खाद्यान्न बाली, तरकारी खेती, फलफूल खेती, पशुपन्छीपालन, माछापालन आदि बाट भएको कृषि आम्दानीले कृषक परिवारलाइ कति महिना खान पुगेको छ र मुख्य आम्दानी कृषि भएका कृषक परिवार कति छन् भन्ने बागमती प्रदेश, चितवन जिल्ला र राप्ती नगरपालिकाको तथ्याङ्क यस तालिकामा देखाइएको छ ।

तालिका ४.४३: प्रदेश, जिल्ला र राप्ती नगरपालिकाको आम्दानी र खान पुग्ने अवधि अनुसारको कृषक परिवार विवरण

क्षेत्र	जम्मा कृषक परिवार संख्या	कृषक परिवारको आम्दानीको मुख्य स्रोत		कृषि उत्पादनबाट भएको आम्दानीले मात्र वर्षभरी परिवारलाई खान नपुग्ने कृषक परिवार संख्या	परिवारलाई खान नपुग्ने अवधिअनुसार कृषक परिवार संख्या			
		कृषि	गैर कृषि		१ देखि ३महिना	४ देखि ६ महिना	७ देखि ९ महिना	१० देखि १२ महिना
बागमती	६६८१७७	४८५१२५	१८३०५३	३७३८००	८१६३१	१८५७८१	७५६३२	३०७५६
चतवन	८९५१९	६००३१	२९४८८	३७९६४	७५०३	१५१२१	८७१५	६६२४
राप्ती	**१०२९९**	**९०१९**	**१२८०**	**३३३७**	**६८५**	**१७१४**	**७५७**	**१८०**

स्रोतः-राष्ट्रिय कृषिगणना २०७८

तालिका ४.४४: चितवन जिल्लामा प्रमुख कृषि बालीले ढाकेको क्षेत्रफल र उत्पादन

क्र.सं.	बालीको नाम	आ.ब.२०८१/०८२		आ.ब.२०८२/०८३	
		क्षेत्रफल (हे.)	उत्पादन (मे.टन)	क्षेत्रफल (हे.)	उत्पादन (मे.टन)
१	धान (बर्षे र चैते)	३६५१७	१६७२५६	३६४६०.९	१८८९९६.२०
२	मकै	१७८३३.९७	७६२६५.९३	१६४८४.१२	६०६६१.५६
३	गहुँ	४१०९.३५	१२१९९.७१	४१०१.५०	१२२२२.५०
४	कोदो	७४३.१०	१०७९.४३	६१२	८८७.४०
५	फापर	२९०.४१	३६४.९३	२९०	३६०.१०
६	आलु	१७८४.९०	३३४८४.१९	१६५५.९०	३१०६४.७०
७	दलहन	१००	१२४	१२१	१५०
८	तेलहन	१४१७३.९०	१८५६५.५०	१४१७४	१४३१६
९	तरकारी	७१०९.९०	२१६७१३.०८	७३८०.८०	२१०४२९.१०
१०	सुन्तला	१२५	१६०८	१२५	१३६२.८०
११	आँप	३७.२७	३४९.१६	३८	३५०
१२	केरा	१२०७	४११०६	१३०७	४५५७५
१३	अन्य फलफूल	१७६.१७	२६५४.०३	१८०.५०	३६५५
१४	अदुवा	४०५	५४६४.४६	४००	५४६०.५
१५	मह		६२१.६०		६२७.८०

स्रोतः- जिल्ला कृषि विकास कार्यालय,चितवन

४.४.२५ राप्ती नगरपालिका कृषि विकास शाखाबाट सम्पादित मुख्य कामहरुको विवरणः

- कृषक समुह दर्ता
- कृषि फर्म दर्ता
- कृषकहरुलाई प्राविधिक सेवा
- कृषकहरुलाई अनुदानमा बउ वितरण
- अनुदानमा स्यालो वोरिङ निर्माण
- अनुदानमा प्लाष्टिक टनेल निर्माण
- मागमा आधारित कृषि कार्यक्रम
- विषादिको सुरक्षित प्रयोग तथा असर सम्बन्धि कार्यक्रम
- मौरिपाल सम्बन्धि तालिम
- अनुदानमा मौरी घार वितरण
- अनुदानमा कृषि सामाग्रि तथा औजार वितरण
- अनुदानमा कृषि यन्त्र (मिनिटिलर वितरण)

खण्ड ५

भौतिक तथा अन्य पूर्वाधार

५.१ पृष्ठभूमि

राप्ती नगरपालिका चितवन जिल्लाको पूर्वी भागमा रहेको नगरपालिका हो । पर्यटकीय दृष्टिकोणले प्रख्यात चितवन राष्ट्रिय निकुञ्जको समिपमा रहेको यस पालिकामा पनि पर्यटकीय महत्व बोकेका क्षेत्रहरु रहेकोले यस क्षेत्रको पूर्वाधार विकास तथा प्रबर्धनात्मक क्रियाकलापले पर्यटनको सम्भावनाहरु देखिन्छन् । भौतिक तथा सार्वजनिक पुर्वाधार तथा सम्वन्धित सुविधाहरुको यहाँ विवरण प्रस्तूत गरिएको छ ।यस नगरपालिका देखि सबै वडामा सहजै रुपमा पुग्न सकिएता पनि वडा नं. ११,१२ र १३ चाँहि भौगोलिक दृष्टिकोणले विकट रहेको छ ।अधिकांश क्षेत्र सम्म पक्की सडक सञ्जाल जोडिएका छन् भने कतिपय सडकहरु कच्ची तथा ग्रावेलको अवस्थामा छन् । बहु सङ्ख्यक वडावासीले आधा घण्टाको दुरीमा सार्वजनिक यातायातको सुविधा प्राप्त गर्न सक्दछन् । १३ वटै वडाहरुमा सडक सुविधा पुगेको छ, बिद्युत सेवा पुगेको छ, सञ्चार सुविधा पुगेको छ, बैंक, सहकारी जस्ता वित्तीय संस्थाहरु पालिकामै उपलब्ध छन् ।

- **राप्ती नगरपालिकामा १० बेडको नगर अस्पताल आ.व. २०७७/७८ देखि सुरु भई निर्माणाधिन अवस्थामा रहेको, हालसम्म ७५% भौतिक प्रगती भएको छ ।**
- **पम्फा खोला, दुधकोशी खोला, ढुङ्ग्रे खोलामा तटबन्धनको निर्माण कार्य भइरहेको छ ।**
- **राप्ती नगरपालिकाको १३ वटै वडा तथा कार्यपालिका भवन आफ्नै भवन संरचना निर्माण गरी सेवा प्रवाह भइरहेको छ।**
- **नगरपालिकाका सबै वडाहरुमा आधारभूत स्वास्थ्य केन्द्रहरु निर्माण भई संचालन भइरहेका छन् ।**
- **कार्यपालिका कार्यालयबाट वडा नं.१३ सबैभन्दा टाढा करिब २६ कि.मि. टाढा रहेको छ ।**

५.२ सामुदायिक तथ्याङ्क

तालिका नं. ५.१ सार्वजनिक शौचालय सेवाको सुविधा अनुसार वडाको वितरण

क्षेत्र	जम्मा वडा सङ्ख्या	सार्वजनिक शौचालयकको सङ्ख्या				
		नभएको	१-२	२-४	५-९	१०+
चितवन जिल्ला	९८	५५	३६	२	५	०
राप्ती नगरपालिका	१३	८	५	०	०	०

स्रोतः राष्ट्रिय जनगणना २०७८, सामुदायिक तथ्याङ्क, राष्ट्रिय तथ्याङ्क कार्यालय, काठमाण्डौं ।
(https://censusresults.nsonepal.gov.np)

तालिका नं. ५.२ वडा भित्र रहेका वित्तिय सेवा लगायतका सुविधाको उपलब्धताअनुसार वडाको वितरण

क्षेत्र	जम्मा वडा सङ्ख्या	वडा सङ्ख्या				
		हाट बजार	मूल बजार	कृषि उपज सङ्कलन केन्द्र	सहकारी संस्था	बैंक तथा वित्तिय संस्था
चितवन जिल्ला	९८	२६	५८	३४	९०	६१
राप्ती नगरपालिका	१३	०	४	६	९	७

स्रोतः राष्ट्रिय जनगणना २०७८, सामुदायिक तथ्याङ्क, राष्ट्रिय तथ्याङ्क कार्यालय, काठमाण्डौं ।
(https://censusresults.nsonepal.gov.np)

तालिका नं. ५.३ वडा भित्र रहेका सहकारी संस्थाको सङ्ख्या अनुसार वडाको वितरण

क्षेत्र	जम्मा वडा सङ्ख्या	सहकारी संस्थाको सङ्ख्या				
		नभएको	१-२	३-४	५-९	१०+
चितवन जिल्ला	९८	८	२४	२३	३५	८
रासी न. पा.	१३	४	५	१	३	०

स्रोतः राष्ट्रिय जनगणना २०७८, सामुदायिक तथ्याङ्क, राष्ट्रिय तथ्याङ्क कार्यालय, काठमाण्डौं ।
(https://censusresults.nsonepal.gov.np)

तालिका नं. ५.४ बैंकको सङ्ख्या अनुसार वडाको सङ्ख्या

क्षेत्र	जम्मा वडा सङ्ख्या	बैंकहरुको सङ्ख्या				
		नभएको	१-२	३-४	५-९	१०+
चितवन जिल्ला	९८	३७	२९	१४	१२	६
राप्ती न. पा.	१३	६	४	२	०	१

स्रोतः राष्ट्रिय जनगणना २०७८, सामुदायिक तथ्याङ्क, राष्ट्रिय तथ्याङ्क कार्यालय, काठमाण्डौं ।
(https://censusresults.nsonepal.gov.np)

तालिका नं. ५.५ वडा भित्र रहेका समाज कल्याणसँग सम्बन्धित सेवा सुविधाको सङ्ख्या अनुसार वडाको वितरण

क्षेत्र	जम्मा वडा सङ्ख्या	वडा संख्या									
		प्रहरी कार्यालय/चौकी	वृद्धाश्रम	बाल गृह	सामुदायिक भवन तथा सभाहल	व्यवास्थत सवदाह स्थल/सव गाड्ने स्थल	खेल मैदान/ट्रेडिखेल	सार्वजनिक पार्क	ताल सिमसार तलाउ र पोखरीहरु	आफ्नै प्रशासकीय भवन	मठ मन्दिर गुम्बा चैत्य/विहार चर्च.....
चितवन जिल्ला	९८	४८	१२	१७	६३	१८	६९	५३	४४	८६	९४
राप्ती नगरपालिका	१३	२	१	२	९	४	९	७	६	११	१३

स्रोतः राष्ट्रिय जनगणना २०७८, सामुदायिक तथ्याङ्क, राष्ट्रिय तथ्याङ्क कार्यालय, काठमाण्डौं ।
(https://censusresults.nsonepal.gov.np)

तालिका नं. ५.६ वडाभित्र रहेका सामुदायिक भवन तथा सभाहलहरुको विवरण

क्षेत्र	जम्मा वडा सङ्ख्या	सामुदायिक भवन तथा सभाहलहरुको सङ्ख्या				
		नभएको	१-२	२-४	५-९	१०+
चितवन जिल्ला	९८	३५	३९	९	११	४
राप्ती नगरपालिका	१३	४	६	२	१	०

स्रोतः राष्ट्रिय जनगणना २०७८, सामुदायिक तथ्याङ्क, राष्ट्रिय तथ्याङ्क कार्यालय, काठमाण्डौं ।
(https://censusresults.nsonepal.gov.np)

तालिका नं. ५.७ वडाभित्र रहेका खेल मैदानको सङ्ख्या अनुसार वडाको वितरण

क्षेत्र	जम्मा वडा सङ्ख्या	खेलमैदानहरुको सङ्ख्या				
		नभएको	१-२	३-४	५-९	१०+
चितवन जिल्ला	९८	२९	५१	१६	२	०
राप्ती न. पा.	१३	४	५	२	२	०

स्रोतः राष्ट्रिय जनगणना २०७८, सामुदायिक तथ्याङ्क, राष्ट्रिय तथ्याङ्क कार्यालय, काठमाण्डौं ।
(https://censusresults.nsonepal.gov.np)

तालिका नं. ५.८ वडा भित्र रहेका सार्वजनिक पार्कको सङ्ख्या अनुसार वडाको वितरण

क्षेत्र	जम्मा वडा सङ्ख्या	सार्वजनिक पार्कहरुको सङ्ख्या				
		नभएको	१-२	२-४	५-९	१०+
चितवन जिल्ला	९८	४५	४४	६	३	०
राप्ती न. पा.	१३	६	७	०	०	०

स्रोतः राष्ट्रिय जनगणना २०७८, सामुदायिक तथ्याङ्क, राष्ट्रिय तथ्याङ्क कार्यालय, काठमाण्डौं ।
(https://censusresults.nsonepal.gov.np)

तालिका नं. ५.९ वडाभित्र उपलब्ध सडक सुविधा अनुसार वडाको वितरण (गणनाको दिन सम्म)

क्षेत्र	जम्मा वडा सङ्ख्या	वितरण		
		वडाको केन्द्र सम्म बर्षैभरी सडक यातायात सञ्चलान हुने	बहु सङ्ख्यक वडावासीले आधा घण्टाको दुरीमा सार्वजनिक यातायातको सुविधा प्राप्त हुने	स्थानीय यातायात/नगर यातायात सेवा
चितवन जिल्ला	९८	८५	८८	४३
खैरहनी न. पा.	१३	११	१०	३

स्रोतः राष्ट्रिय जनगणना २०७८, सामुदायिक तथ्याङ्क, राष्ट्रिय तथ्याङ्क कार्यालय, काठमाण्डौं ।
(https://censusresults.nsonepal.gov.np)

तालिका नं. ५.१० वडा कार्यालयवाट सबैभन्दा टाढाको बस्तीमा एकतर्फी पुग्न लाग्ने समयको आधारमा वडाको वितरण

जम्मा वडा सङ्ख्या	वडा कार्यालयवाट सबैभन्दा टाढाको बस्तीमा पुग्न लाग्ने समय (एकतर्फी)																					
	सवारी साधनवाट						पैदलवाट						सवारी साधन र पैदल दुवै						जम्मा जुनसुकै माध्याम					
	३० मिनेटभित्र	३०-६० मिनेट	१-२ घण्टा	३-४ घण्टा	४-५ घण्टा	५ घण्टाभन्दा बढी	३० मिनेटभित्र	३०-६० मिनेट	१-२ घण्टा	३-४ घण्टा	४-५ घण्टा	५ घण्टाभन्दा बढी	३० मिनेटभित्र	३०-६० मिनेट	१-२ घण्टा	३-४ घण्टा	४-५ घण्टा	५ घण्टाभन्दा बढी	३० मिनेटभित्र	३०-६० मिनेट	१-२ घण्टा	३-४ घण्टा	४-५ घण्टा	५ घण्टाभन्दा बढी
१३	१	०	०	०	०	०	०	०	०	०	२	०	२	३	२	०	२	१	३	३	२	०	४	१

स्रोतः राष्ट्रिय जनगणना २०७८, सामुदायिक तथ्याङ्क, राष्ट्रिय तथ्याङ्क कार्यालय, काठमाण्डौं ।
(https://censusresults.nsonepal.gov.np)

तालिका नं. ५.११ आ.ब. २०८२/०८३ सम्ममा भएको स्थलगत पूर्वाधार सम्वन्धी विवरण

क्र.सं.	स्थलगत पूर्वाधार सम्वन्धी विवरण	मान	एकाइ	कैफियत
१	पहुँच पुगेका वडा संख्या	१३.००	वटा	
२	पक्की सडक	२२७.२२	कि.मि.	
३	ग्राभेल सडक	१३५.०९	कि.मि.	
४	कच्ची सडक	२८१.३६	कि.मि.	
५	सडकको जम्मा लम्वाइ	६४३.६७	कि.मि.	
६	झोलुङ्गे पुल संख्या	७	वटा	
७	नदीमा पक्की पुल	१५	वटा	
राप्ती नगरपालिका क्षेत्र भित्र १३.५ कि.मि. महेन्द्र राजमार्ग र ६६ कि.मि. चेपाङ्ग राजमार्ग (भण्डारा-मलेखु) पर्छ ।				

स्रोतः- राप्ती नगरपालिका

तालिका नं. ५.१२ आ.ब. २०८२/०८३ सम्ममा भएको वडा अनुसारको सडक पूर्वाधार सम्वन्धी विवरण

वडा नम्वर	कालोपत्रे/पि.सि.सि. सडक (कि.मि.)	ग्राभेल सडक (कि.मि.)	कच्ची सडक (कि.मि.)	कैफियत
१	३८.४३०	१२.४००	१९.८००	
२	१९.२००	६.६००	८.०००	
३	११.९१७	१०.१९५	९.८१०	
४	१३.०१०	९.८९०	७.७१०	
५	१८.६६०	६.६५०	३.०२०	
६	१६.१०५	२१.३९०	१७.६३०	
७	२६.१३०	७.८००	३.२००	
८	५२.३५०	१६.४००	५.७००	
९	१०.५३०	२१.१००	३.२००	
१०	९.८००	११.४००	२६.९००	
११	१०.४८८	८.९११	६५.८८७	
१२	०.६००	२.३५०	६६.०००	
१३	०.०००	०.०००	४४.५००	
	२२७.२२०	१३५.०८६	२८१.३५७	

स्रोतः- राप्ती नगरपालिका

तालिका नं. ५.१३ आ.ब. २०८२/०८३ सम्ममा वडा अनुसारको पुल सम्वन्धी विवरण

वडा नम्वर	पक्की पुल	झोलुङ्गे पुल	कैफियत
१	१	१	
२	३	-	
३	१	-	
४	१	-	
५	-	-	
६	४	-	
७	१	-	
८	१	-	
९	२	-	
१०	१	-	
११	-	१	
१२	-	-	
१३	-	५	
जम्मा	१५	७	

स्रोतः- राप्ती नगरपालिका

खण्ड ६

वातावरण तथा विपद् व्यवस्थापन

६.१ पृष्ठभूमि

चितवन जिल्लाको पूर्वी भागमा अवस्थित राप्ती नगरपालिका भौगोलिक तथा प्राकृतिक सौन्दर्यताले रिपूर्ण रहेको छ । उत्तरी भागमा रहेको महाभारत पर्वत दक्षिणमा अवस्थित चुरे पर्वतसम्म फैलिएको छ ।दक्षिणी भागमा चितवन राष्ट्रिय निकुञ्जको मध्यवर्ती क्षेत्र, मध्यभागमा समथर उर्वर भूमि भएको यस नगरपालिकाको भौगोलिक र प्राकृतिक दृष्टिकोणले भरिपूर्ण यस नगरपालिका जैविक विविधताले समृद्ध रहेपनि वातावरणीय चुनौती र विपदहरुको सामाना गरिरहेको छ । विपद् जोखिम तथा क्षति (Disaster Risk & Damage) का घटनाहरु बढिरहेका छन् ।लोथर, कन्द्राङ जस्ता खोलाहरूले वर्षायाममा दक्षिणतर्फका बस्ती तथा खेतीयोग्य जमिन कटान र पटान (Siltation) गर्ने गर्दछन् भने उत्तरी पहाडी वडाहरू (वडा नं. १०, ११, १२ र १३) मा कमजोर भू-बनोटका कारण वर्षायाममा साना-ठूला पहिरो गई ग्रामीण सडकहरू अवरुद्ध हुने र बस्ती जोखिममा पर्ने गर्दछन् साथै मध्यवर्ती क्षेत्र र वन किनाराका बस्तीहरूमा हात्ती, गैंडा, बँदेल र बाघ जस्ता वन्यजन्तु प्रवेश गरी बालीनाली नष्ट गर्ने, धनजनको क्षति पुऱ्याउने समस्या विद्यमान छ।

राप्ती नगरपालिकाको कूल क्षेत्रफल २१२.३१ बर्ग कि.मी. मध्ये करिब ५० प्रतिशत भू-भाग बन जंगल , झाडी , बुट्टान आदिले ढाकिएको छ । बन क्षेत्रको ब्यवस्थापनमा सामुदायिक वन, मध्यवर्ती वन , धार्मिक वनहरुको राम्रो प्रबन्ध भएको देखिन्छ । यहाँका बनहरुमा साल, असना , साज कर्मा खयर सिसौ चिलाउने जस्ता वनस्पतीहरु रहेका छन् भने बन्यवन्तुहरुमा एकसिंगे गैंडा, पाटे बाघ, हात्ती, चितुवा, जरायो आदि प्रमुख संरक्षित वन्यजन्तुहरु पाइन्छ ।

वातावरण र विपद् ब्यवस्थापनमा प्रत्यक्ष तथा अप्रत्यक्ष रुपमा भुमिका रहेका कृषि, बन, किट, मौरी, मत्स्य आदिको क्षेत्रमा भएका गरेका कार्य कार्यक्रमका बारेमा यस राप्ती नगरपालिका क्षेत्रमा रहेका सामुदायिक वन उपभोक्ता समूहहरुको विवरण, राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रम, कार्यक्रम कार्यान्वयन एकाइ को बारेमा जानकारी, ब्यावसायिक किट विकास केन्द्र, भण्डारा चितवनको परिचय, मौरीपालन विकास केन्द्र, भण्डारा चितवनको परिचय तथा कार्यक्रम, तालिम केन्द्रबाट सञ्चालित तालिम कार्यक्रमहरू र सहभागी संख्या आदिको बारेमा तल क्रमशः उल्लेख गरिएको छ ।

तालिका नं. ६.१ सामुदायिक वन उपभोक्ता समूहहरुको विवरण

सि.नं.	सामुदायिक वन उपभोक्ता समूहको नाम	स्थानीय तह	वडा नं.	पदाधिकारीको विवरण/सम्पर्क नं.			साधारण सभा भएको मिति	कैफियत
		म.न.पा./न.पा./गा.पा.		नाम	पद	मो.नं.		
१	पर्वत	रासी न.पा.	१०		अध्यक्ष	९८६५००८५८७	२०८२/०९/२५	
२	अमृतधारापानी	रासी न.पा.	९	मेख ब. खड्का	अध्यक्ष	९८४२०९८६२४	२०८२/०८/११	
३	दुधकोशी नमूना	रासी न.पा.	९	फत्तेजंग तामाङ्ग	अध्यक्ष	९८५५०५०५४९	२०८२/०७/२०	
४	कालिका	रासी न.पा.	८	माधव गिरी	अध्यक्ष	९८४५३७०३१७	२०८२/०९/२९	
५	सत्यदेवी	रासी न.पा.	१०	इन्द्र ब. तामाङ्ग	अध्यक्ष	९८५५०६६०४८	२०८२/०९/२१	
६	शिवशक्ती	रासी न.पा.	२	राम ब. राई	अध्यक्ष	९८५५०५२८२४	२०८२/०५/२१	
७	चात्राङ्ग कालिका	रासी न.पा.	१२		अध्यक्ष	९८४५६७५६६१	२०८२/०९/२६	
८	शिवपुरी	रासी न.पा.	२	गोविन्द ब. बर्तौला	अध्यक्ष	९८४५६९४४७४	२०८२/०५/२१	
९	थाकलटार सालघारी	रासी न.पा.	११	एरोन मोक्तान	अध्यक्ष	९८४५३४५७७८	२०८२/१०/२४	
१०	सुरदेवी	रासी न.पा.	१	रामहरी डल्लाकोटी	अध्यक्ष	९८४५०४९४४२	२०८२/११/२८	
११	बागेश्वरी	रासी न.पा.	१२		अध्यक्ष	९८४५६७१३८८		
१२	जय श्री ब्रह्मस्थानी	रासी न.पा.	३	पवित्र पाठक	अध्यक्ष	९८४५२१७८३६		
१३	पशुपति कैलाशपुरी	रासी न.पा.	२	इन्दिरा रिजाल	का. सचिव	९८४५०६४९३१	२०८२/०७/२९	
१४	वनदेवी	रासी न.पा.	२	सुनिल पाठक	उपाध्यक्ष	९८४९०७६९१०	२०८२/०९/२२	
१५	परेवाश्वरी	रासी न.पा.	१	सिंह ब. तामाङ्ग	अध्यक्ष	९८४५०८३०३१		
१६	शिखर हरियाली	रासी न.पा.	३	गिरीराज पाठक	अध्यक्ष	९८४५५२२६१८	२०८२/०८/२६	
१७	जनकल्याण	रासी न.पा.	११	बोधराज रुम्बा	अध्यक्ष	९८६९७७६२६२	२०८२/०९/१५	
१८	शिखर	रासी न.पा.	५	सन्देश घलान	अध्यक्ष	९८४५०५५८१९	२०८२/१०/०७	
१९	बाघदेवी	रासी न.पा.	७	शिव नागरायण चौधरी	अध्यक्ष	९८४५०६९०२२	२०८२/०७/१९	
२०	कमिरेपानी	रासी न.पा.	१० र ११	खेतराज घलान	अध्यक्ष	९८४५३२१३५१	२०८२/१०/२५	
२१	किराँती	रासी न.पा.	१० र ११	दशरथ तामाङ्ग	संयोजक	९८४५०८९८३५	२०८२/१२/२१	
२२	चक्रदेवी	रासी न.पा.	१३		अध्यक्ष	९८४५७९३१२७		
२३	श्री गणेश	रासी न.पा.	१३	रुद्र ब. प्रजा	अध्यक्ष	९८४५५९१८५३		
२४	जोगिनी	रासी न.पा.	१२	नविन प्रजा	अध्यक्ष	९८४५४७०५५४		
२५	दाङ्लो	रासी न.पा.	१२		अध्यक्ष	९८४५७९३५८८		

स्रोतः डिभिजन बन कार्यालय, चितवन

६.२ कार्यक्रम कार्यान्वयन एकाइ, चितवनको संक्षिप्त परिचय

नेपालको कुल खेतीयोग्य जमिन ३० लाख ९१ हजार हे. रहेको छ। राष्ट्रिय कृषि गणना २०६८ अनुसार नेपालको कृषि जमिनको औषत आकार ०.६८ हे.र प्रति कित्ताको औषत आकार ०.२१ हे. रहेको छ। खण्डिकृत जमिनमा परम्परागत रुपमा निर्वाहमुखी खेती प्रणालीको अवलम्बन गरिदै आएको र कृषि विकासका लागि भएका सरकारी प्रयासहरु सिमित स्रोत र साधनहरुका कारण एकीकृत रुपमा नभई छरिएर जाने गरेकाले प्रतिफलमुखी हुन सकेका छैन। कृषिलाई नाफामूलक व्यवसायका रुपमा स्थापित गर्न नसक्दा यस क्षेत्रमा लगानीका लागि निजि क्षेत्र र रोजगारीका लागि युवा उद्यमीहरु आकर्षित हुन सकेको छैन। गुणस्तरीय कृषि उत्पादन सामग्रीहरुको उपलब्धता सुनिश्चित गर्न नसक्नु, कृषि उपज उत्पादनमा यान्त्रीकरण अवलम्वन हुन नसक्नु र कृषि विकासका लागि आवश्यक सिंचाई, कृषि सडक, ग्रामीण विद्युतिकरण, कृषि उद्योगहरुसंगको समन्वयको अभाव रहँदै आएको तथा बजारमुखी उत्पादन हुन नसकेकाले कृषिलाई व्यवसायका रुपमा नभई परम्पराका रुपमा मात्र अवलम्बन गरिदै आइएको छ।

यिनै पृष्ठभूमिलाई मध्यनजर गर्दै कृषि क्षेत्रको उत्पादन र उत्पादकत्व वृद्धि गर्ने स्पष्ट मार्गचित्रका साथ कृषि उपजको उत्पादनका लागि आवश्यक प्रविधि तथा उत्पादन सामाग्रीको व्यवस्था, बाली/वस्तु उत्पादनमा यान्त्रिकरण, प्रशोधन तथा बजारीकरणको लागि आवश्यक पूर्वाधारको व्यवस्था जस्ता प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजनाका कृयाकलाप मार्फत कृषि क्षेत्रको आधुनिकिकरणको परिकल्पना गरिएको छ।

कृषिमा आधारित अर्थतन्त्रबाट कृषिजन्य उद्योगमा रुपान्तरित आधुनिक, व्यवसायिक, दिगो एवं आत्मनिर्भर कृषि क्षेत्रको विकास गर्ने सोचका साथ नेपालको कृषि क्षेत्रलाइ आगामी २० वर्षसम्म मार्ग निर्देश गर्ने कृषि विकास रणनीति कार्यान्वयनको सहयोगी परियोजनाको रुपमा स्वदेशी सोच, स्वदेशी लगानी तथा आन्तरिक संस्थागत जनशक्ति मार्फत तयार गरिएको प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजना आ.व. २०७३/७४ देखि लागू हुने गरी १० वर्ष अवधिको लागि सञ्चालनमा ल्याइएको छ। यस परियोजना अन्तर्गत साना व्यवसायिक कृषि उत्पादन केन्द्र (पकेट) विकास कार्यक्रम, व्यवसायिक कृषि उत्पादन केन्द्र (ब्लक) विकास कार्यक्रम, व्यवसायिक कृषि उत्पादन तथा प्रशोधन केन्द्र (जोन) विकास कार्यक्रम र बृहत्तर व्यवसायिक कृषि उत्पादन तथा औद्योगिक केन्द्र (सुपरजोन) विकास कार्यक्रम गरी जम्मा चार वटा सम्भागहरु छन्। परियोजनाको अन्त्य सम्ममा देशै भरि २१ वटा सुपरजोन, ३०० वटा जोन, १५०० वटा ब्लक र १५००० वटा पकेटहरु स्थापना गरिनेछ। यस परियोजनाको कुल लागत रु. १ खर्ब ३० अर्ब ७४ करोड २० लाख रहेको छ।

६.२.१ कार्यक्रमको पृष्ठभुमि र कार्यक्षेत्रः

राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रम, कार्यक्रम कार्यान्वयन एकाइ, चितवन, चितवन जिल्लामा आधारित रहेर कार्यरत छ। यस इकाईले चितवन र मकवानपुर जिल्लालाई समेटेर कृषि आधुनिकीकरण कार्यक्रमहरूको कार्यान्वयन, अनुगमन तथा समन्वयको जिम्मेवारी बहन गर्दछ।

राप्ती नगरपालिकाको प्रोफाईल

यस कार्यालयले मकवानपुर जिल्लाका हेटौडा उप-महानगरपालिका, थाहा नगरपालिका, भीमफेदी गाउँपालिका, मकवानपुरगढी गाउँपालिका, मनहरी गाउँपालिका, राक्सिराङ गाउँपालिका, बकैया गाउँपालिका, बागमती गाउँपालिका, कैलाश गाउँपालिका, र इन्द्रसरोवर गाउँपालिका गरि १० वटै स्थानीय तहमा कार्यक्रम सञ्चालन गर्दै आएको छ । मकवानपुर जिल्लामा यस कार्यालयले २ वटा जोन सञ्चालन गर्दै आएको छ भने चितवन जिल्लामा ४ वटा जोन र १ वटा सुपरजोन सञ्चालन गरिरहेको छ । मकवानपुर जिल्लामा धान र तरकारी जोन रहेको छ भने चितवन जिल्लामा धान, तरकारी, माछा, मौरी जोन र केराको सुपरजोन रहेको छ ।

तालिका नं. ६.२ जोन/ सुपरजोन तथा कार्यक्षेत्रको विवरण :

क्र.सं.	जोन/ सुपरजोन	शुरुवात वर्ष	जिल्ला	स्थानीय तह	कार्यक्षेत्र (वडाहरु)
१	तरकारी जोन	२०७३/०७४	चितवन	भरतपुर महानगरपालिका	वडा नं. ४-९ र ११-२८
२	मौरी जोन	२०७५/०७६	चितवन	भरतपुर महानगरपालिका	वडा नं. ११, १२ र २९
				रत्ननगर नगरपालिका	वडा नं. ५, १४, १५ र १६
				कालिका नगरपालिका	वडा नं. १, २ ,६ ,७, ९ ,१० र ११
				खैरहनी नगरपालिका	वडा नं.३, ४, १० र ११
				राप्ती नगरपालिका	वडा नं.१-६ र १०-१३
				राक्सीराङ गाँउपालिका (मकवानपुर)	वडा नं. ६ / ७
३	केरा सुपर जोन	२०७५/०७६	चितवन	भरतपुर महानगरपालिका	वडा नं १, ५, ८, १७, १९ र २३-२८
				रत्ननगर नगरपालिका	वडा नं.१-१६
				खैरहनी नगरपालिका	वडा नं.१-१३
				कालिका नगरपालिका	वडा नं.१-८
				राप्ती नगरपालिका	वडा नं. १-३ र ९
४	धान जोन	२०७६/०७७	चितवन	रत्ननगर नगरपालिका	वडा नं.३-९
				खैरहनी नगरपालिका	वडा नं. ५-७ र ९-१३
				राप्ती नगरपालिका	वडा नं. १-४ र ६
५	तरकारी जोन	२०७४/०७५	मकवानपुर	थाहा नगरपालिका	सम्पूर्ण वडाहरु
				इन्द्रसरोवर गाँउपालिका	वडा नं.१-५

क्र.सं.	जोन/ सुपरजोन	शुरुवात वर्ष	जिल्ला	स्थानीय तह	कार्यक्षेत्र (वडाहरु)
६	धान जोन	२०७८/०७९	मकवानपुर	हेटौंडा उपमहानगरपालिका	वडा नं.६, ७, ८, १२, १६, १७ र १८
				मनहरी गाँउपालिका	वडा नं ३, ४, ५, ६, ७, ८, र ९
७	माछा जोन	२०८१/०८२	चितवन	माडी नगरपालिका	वडा नं १, २, ३, ४, ५, ६, ७, ८ र ९

स्रोतः राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रम, कार्यक्रम कार्यान्वयन एकाइ, चितवन

तालिका नं. ६.३ जोनहरुको संक्षिप्त परिचय

क्र.सं.	**जोन/सुपरजोन**	**शुरुवात वर्ष**	**कार्यक्रम शरुवात हुँदाको क्षेत्रफल (हे.)**	**हालको (आ.व.२०८२/०८३) क्षेत्रफल/संख्या**	**वृद्धि(%)**	**कैफियत**
१	तरकारी जोन, चितवन	२०७३/७४	२७५	७७१	१८०	
२	तरकारी जोन, मकवानपुर	२०७४/७५	५२०	११७०	१२५	
३	केरा सुपरजोन, चितवन	२०७५/७६	९८५	१९१४	८८	सुपरजोनमा स्तरोन्नति २०८१/०८२
४	मौरी जोन, चितवन	२०७५/७६	६३५० घार	१२११२ घार	९१	
५	धान जोन, चितवन	२०७६/७७	८४५०	८५९०	१४	
६	धान जोन, मकवानपुर	२०७८/७९	१७००	१८८०	१०.५८	
७	माछा जोन, चितवन	२०८१/८२	५००	५०४	०.८	

स्रोतः राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रम, कार्यक्रम कार्यान्वयन एकाइ, चितवन

चित्र ६.१ कार्यक्रम शुरुवात हुँदाको र हालको क्षेत्रफल/संख्या



स्रोतः राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रम, कार्यक्रम कार्यान्वयन एकाइ, चितवन,

६.३ ब्यावसायिक किट विकास केन्द्र, भण्डारा चितवनको परिचय तथा कार्यक्रमः

परिचयः

व्यवसायिक किट विकास फार्म, भण्डाराको स्थापना **रेशम खेती विकास कार्यालय**को नामले वि.सं. २०४९ सालमा भएको हो। विभिन्न समयमा यस केन्द्रको नाम र संरचनामा परिवर्तन हुने क्रममा कार्य प्रकृतिका आधारमा वि.सं. २०६१ सालमा **किम्बु नर्सरी व्यवस्थापन केन्द्र**को रुपमा नाम परिवर्तन भई रेशम खेती विकासका विभिन्न पक्षहरुमा कार्यक्रम संचालन गर्दै आएको थियो। हालको संघिय संरचनामा बागमती प्रदेश अन्तर्गत रहेको यस कार्यालयको नाम वि.सं. २०७५ सालमा पुनः परिवर्तन भई **किम्बु नर्सरी विकास केन्द्र** राखिएको थियो। हाल बि.सं. २०८०/०७/२२ को मुख्यमन्त्री तथा मन्त्रिपरिषदको निर्णय अनुसार यस केन्द्रको कार्यप्रकृति र विधाअनुसार जिम्मेवारी हेरफेर तथा वृद्धि गर्ने उद्देश्यका साथ नाम परिवर्तन गरि **व्यवसायिक किट विकास फार्म** भएको छ। जिल्ला सदरमुकाम भरतपुरबाट २५ कि.मि. पूर्व र महेन्द्र राजमार्ग देखि उत्तर तर्फ चितवन जिल्लाको राप्ती नगरपालिका वडा नम्वर ६, हर्दी, भण्डारामा अवस्थित रहेको छ। फार्मको जम्मा ३२.२ हेक्टर क्षेत्रफल मध्ये हाल करिब १६ हेक्टर जमिन र भवनहरु समेतका पूर्वाधार शसस्त्र प्रहरी गढीमाई गणद्धारा उपभोग भई रहेको छ भने यस केन्द्र अन्तर्गत रहेको बाँकी १६.२

हेक्टर जमिन मध्ये ३ हेक्टरमा मौरीपालन विकास कार्यक्रम, ५ हेक्टरमा किम्बु बगैंचा, ४ हेक्टरमा किम्बु नर्सरी, २ हेक्टरमा फलफुल बगैंचा, १.२ हेक्टरमा कार्यालय तथा आवास भवन र १ हेक्टर बाँझो रहेको छ।

केन्द्रको रणनीति

- सम्भावित क्षेत्रमा किम्बुमा आधारित रेशम खेती विस्तार एवं विकास गरि स्वरोजगारी सिर्जना तथा अतिरिक्त रोजगारीको विकास गर्ने।
- संभाव्यताको आधारमा उपोष्ण रेशम खेतीको विकास गरि निर्यात प्रवर्धनको लागि रेशम कोया तथा रेशम जन्य उत्पादनमा जोड दिने।
- रेशम खेतीमा स्थुल उत्पादन (Mass production) का साथै रेशम उत्पादनमा सामुदायिक संलग्नताको विकासमा जोड दिने।
- स्थानिय श्रोत साधन तथा प्रविधिहरुको सदुपयोग र परिमार्जन गर्दै रेशम उत्पादन वृद्धि गरी रेशम उद्योग विकासको माध्यमवाट ग्रामीण आयआर्जन र स्वरोजगारी सिर्जनाको लागि जोड दिने।

पकेट/प्रभाव क्षेत्र

चितवन र मकवानपुरका विभिन्न स्थानिय तहहरुमा रेशम खेती, किम्बु क्षेत्र विकास र विस्तार तथा च्याउ खेतीको लागि केन्द्रले आफ्ना गतिविधि संचालन गर्दै आईरहेको छ। विगतमा चितवनको माडीमा कल्याणपुर, अयोध्यापुरी, बघौडा र चैनपुर तथा मकवानपुर जिल्लाको सरिखेत, निवुवाटार, वुढीचौर, कोगटे र कालिकाटारका कृषकहरु रेशम खेती व्यवसायमा आवद्ध थिए।

आ.व. २०८३/८४ का लागि मुख्य कार्यक्रमहरुः

1. प्राविधिकस्तर च्याउ बीउ (spawn) उत्पादन तालिम
2. किम्बु तथा च्याउको जर्मप्लाज्म संकलन तथा संरक्षण
3. कृषकस्तर च्याउ खेतिसम्बन्धी तालिम
4. किम्बु बिरुवा उत्पादन र वितरण
5. केराको TR ४ सम्बन्धि अध्ययन अनुसन्धान
6. धान/मकैको बीउ उत्पादन र वितरण
7. रेशम कोया उत्पादन
8. जैविक विषादी उत्पादन परिक्षण
9. च्याउ बीउ उत्पादन (Tissue culture and Commercial spawn)
10. विभिन्न प्रजातिका च्याउको उत्पादन परिक्षण/प्रदर्शन

तालिका नं. ६.४ आभएका मुख्य उपलब्धिहरु मा संचालित कार्यक्रमहरुबाट हासिल ८३/२०८२ .व.

सि.न.	सञ्चालित प्रमुख कार्यक्रम				हाँसिल मुख्य मुख्य उपलब्धीहरु
	कार्यक्रम	एकाइ	परिमाण	बजेट खर्च रु. हजारमा	
१	स्थलगत घुम्ती तालिम (च्याउ)	पटक	६	१४९.६६०	रासी, माडी, भरतपुर, भीमफेदी, इन्द्रसरोवरका १७५ जना कृषकहरुले कन्ये च्याउ खेति सम्बन्धि प्राविधिक ज्ञान तथा सीप सिकेका, कृषकहरुलाई learning by doing को तरिकाबाट सिकाइएको
२	धान बीउ उत्पादन तथा बिक्रि वितरण	मे.ट.	४	१८०.०००	मकवानपुर-१ धानको बिउ उत्पादन भइ बिक्री गरिएको र बीउका लागि उपयुक्त नहुने धान खाद्यान्न बालीका रुपमा बिक्रीवितरण भएको
३	च्याउ बीउ उत्पादन तथा वितरण	प्याकेट	४०००	२५२.८६०	करिब ७५० केजी च्याउ बिउ उत्पादन भई बिक्रि वितरण
४	फलफुल बगैंचा व्यवस्थापन तथा विस्तार	पटक	१	१३१.५४३	भुइकटहर बगैंचा स्थापना र आँपको बगैंचा व्यवस्थापन तथा विस्तार, फार्मको खाली जमीनको सदुपयोग हुने, मौरीलाई चरन हुने
५	फार्ममा गोब्रे च्याउ उत्पादन प्रदर्शन	केजी	१५००	२९६.१४५	लगभग ११०० केजी गोब्रे च्याउ उत्पादन, . कृषक तथा विद्यार्थीहरुका लागि प्रविधि अवलोकन गर्ने अवसर
६	किम्बु विरुवा उत्पादन तथा वितरण	संख्या	१८००००	७९३.५००	करिब ३० हजार विरुवा बिक्रीवितरण, थप १२०,००० विरुवा तयारी
७	रेशमकोया उत्पादन	के.जी.	२००	१०१.७०५	शरदकालीन र बसन्तकालिन गरि दुइपटक किरापालन गरि करिब २५ केजी कोकुन बिक्री

सि.न.	सञ्चालित प्रमुख कार्यक्रम				हाँसिल मुख्य मुख्य उपलब्धीहरु
	कार्यक्रम	एकाइ	परिमाण	बजेट खर्च रु. हजारमा	
८	फार्मभित्रको किम्बु बगैंचा व्यवस्थापन	हे.	५	७६४.२९१	करिब ३ हे. किम्बु बगैंचा सम्याउने, सफा गर्ने, मलजल, झारपात व्यवस्थापन तथा गोडमेल कार्य गरिएको
९	राष्ट्रिय मकैबाली अनुसन्धान कार्यक्रम रामपुरसंगको सहकार्यमा मकैको इन्ब्रेड लाइनको उत्पादन	पटक	१	१४४.३५	करिब ६ कट्ठा,मा RML-१५० पैतृक लाइन उत्पादन भइ ग्रेडिंग गरि राखिएको
१०	च्याउ/रेशम किरापालन घरमा Humidifier तथा Fogger system जडान	सेट	१	१०३.८२	च्याउ उत्पादन तथा किरापालन कार्यमा आर्द्रता सेट गर्न fogger system तथा किरापालन/च्याउ उत्पादनको लागि आवश्यक Humidifier जडान गरिएको
११	च्याउ बीउ उत्पादनका लागि incubation chamber तथा spawn भण्डारणका लागि कोल्ड च्याम्बर निर्माण	पटक	१/१	२१७८.७९	e-bidding प्रक्रिया मार्फत बोलपत्र गरि निर्माण कार्य सम्पन्न गरिएको
१२	फर्मभित्र स्ट्रबेरी उत्पादन	केजी	६०	२६.००	करिब ५०० बिरुवा प्लास्टिक मल्चिंग गरि उत्पादन गरिएको
१३	च्याउ, रेशम, किम्बु खेति तथा व्यावसायिक किट संग सम्बन्धित सरोकारवालाहरुसंग अन्तरक्रिया कार्यक्रम	पटक	१	७१.९०	च्याउ, रेशम, किम्बु र मौरीसंग सम्बन्धित सरोकारवालाहरुसंग अन्तरक्रिया कार्यक्रम संचालन गरिएको र जानकारीमुलक सामग्री प्रकाशन गरिएको
१४	विषादीको अवशेष सम्बन्धि अध्ययन	पटक	१	१३७.६३	परामर्श सेवा मार्फत अध्ययन/ अनुसन्धान (mixed model)

सि.न.	सञ्चालित प्रमुख कार्यक्रम				हाँसिल मुख्य मुख्य उपलब्धीहरु
	कार्यक्रम	एकाइ	परिमाण	बजेट खर्च रु. हजारमा	
					संचालनमा गरि रिपोर्ट तयार गरिएको
१५	फलफुल बिरुवा उत्पादन	पटक	१	१९९.०३	रेड लेडी जातको मेवाको करिब ३५०० बेर्ना उत्पादन भइ बिक्रीवितरण गरिएको

स्रोतः व्यावसायिक किट विकास केन्द्र, भण्डारा चितवन

तालिका नं. ६.५ आ.व. २०८१/८२ मा सञ्चालित कार्यक्रमहरुबाट हाँसिल मुख्य मुख्य उपलब्धिहरु

सि.न.	सञ्चालित प्रमुख कार्यक्रम				हाँसिल मुख्य मुख्य उपलब्धीहरु
	कार्यक्रम	एकाइ	परिमाण	बजेट खर्च रु. हजारमा	
१	स्थलगत घुम्ती तालिम (च्याउ)	पटक	८	२७९.००	चितवन र मकवानपुर जिल्लाका २३७ जना कृषकहरुलाई Learning by doing को सिद्धान्त अनुरुप च्याउ तालिम प्रदान गरिएको
२	कृषकस्तर च्याउ खेति सम्बन्धि ३ दिने तालिम	पटक	१	१८०.००	मकवानपुर र चितवनका बिभिन्न ठाँउका २६ जना कृषकहरुलाई (म.१७, पु. ९) सैद्धान्तिक, व्यावहारिक तथा प्रयोगात्मक शैलीमा तालिम प्रदान गरिएको
३	धान बीउ उत्पादन तथा बिक्रि वितरण	पटक	१	३८७.१०	सावित्री जातको धानको ३० क्विन्टल मूल बिउ उत्पादन भई DESIS प्रणालीमार्फत बिक्रीवितरण
४	च्याउ बीउ उत्पादन तथा वितरण	पटक	२	२७७.८७	७५० केजी च्याउ बिउ उत्पादन भई लगभग ५७५ केजी बिक्रि वितरण

५	फलफुल बगैंचा व्यवस्थापन तथा विस्तार	पटक	१	१००.००	भुइकटहर बगैंचा स्थापना र आँपको बगैंचा व्यवस्थापन तथा विस्तार, फार्मको खाली जमीनको सदुपयोग हुने, मौरीलाई चरन हुने
६	फार्ममा गोब्रे च्याउ उत्पादन प्रदर्शन	पटक	३	२९९.८०	लगभग 400 केजी गोब्रे च्याउ उत्पादन, थप ७०० केजी उत्पादन हुने. कृषक तथा विद्यार्थीहरुका लागि प्रविधि अवलोकन गर्ने अवसर
७	फार्ममा कन्ये च्याउ प्रदर्शन	पटक	१	७०.५१	कृषक तथा विद्यार्थीहरुका लागि प्रविधि अवलोकन गर्ने अवसर र राजश्व आम्दानी
८	मौरिचरन प्रवर्धनका लागि फर्मको खाली जमिनमा चरनजन्य बालीहरुको खेती	पटक	२	७३.४०	मौरीको चरनका लागि १ बिघा क्षेत्रफलमा तोरी तथा मकै खेती र राजश्व आम्दानी
९	किम्बु विरुवा उत्पादन तथा वितरण	संख्या	३०००००	१००९.७०	किम्बु बिरुवा उत्पादन भइ ६० हजार बिक्री भइसकेको, थप बिक्रीवितरण भइरहेको
१०	फार्ममा रातो च्याउ (Ganoderma) उत्पादन प्रदर्शन	पटक	१	७२.००	करिब १७ केजी रातो च्याउ उत्पादन (३ केजी Dried-बिक्री),परिक्षण सफल, प्रविधि अवलोकन गर्ने अवसर र राजश्व आम्दानी, थप २० केजी उत्पादन हुने
११	फार्ममा बर्षैभरि च्याउ उत्पादनका लागि वातावरण अनुकुलित संरचना निर्माण (With rack)	संख्या	१	१९७५.००	वर्षभरी बिभिन्न प्रजातिका च्याउ उत्पादन तथा परिक्षण गर्न सकिने. राजश्व आम्दानी तथा सिकाइ/अनुसन्धानका लागि सहज हुने, च्याउको बीउ समेत भण्डारण गर्न सकिने
१२	नयाँ देखा पर्ने किरा/रोगहरुको	पटक	१	१९४.००	चितवन जिलामा देखा परेको थ्रिप्स

	सम्बन्धमा विज्ञहरुको सहकार्यमा अध्ययन				किराको प्रकोप, जीवनचक्र, आक्रमण, नोक्सानी आदिका बारेमा विस्तृत अध्ययन परिक्षण सम्पन्न

स्रोतः व्यावसायिक किट विकास केन्द्र, भण्डारा चितवन

६.४ मौरीपालन विकास केन्द्र, भण्डारा चितवनको परिचय:

मौरीपालन विकास गर्न स्थापना गरिएको यस कार्यालयको इतिहासको कुरा गर्दा राजा निकुञ्ज गोकर्ण र नागार्जुन भित्रका घार तथा पर्खालहरूमा भएका खोपाहरूमा रहेका मौरी गोलाहरूको वन्यजन्तु संरक्षण विभागको नामबाट रेखदेख र संरक्षणको सुरुवात गरिएको पाइन्छ। पछि २०३८ सालमा रसियन ढाँचाको चौकोसे घार भित्र्याइएको देखिन्छ।

२०४१ सालमा प्राविधिक रेखदेख र व्यवस्थापनको लागि राष्ट्रिय योजना आयोगको निर्देशनमा अर्थ मन्त्रालयबाट बजेटको व्यवस्था भई आएपछि ०४२/४३ देखि तत्कालीन व्यावसायिक कीट विज्ञान आयोजना, राजा निकुञ्ज मौरीपालन आयोजनाको नाममा प्राविधिक संयोजन प्रारम्भ भयो। त्यसपछि २०५३ सालमा यसलाई एपिस सेरेना मौरीको सङ्कलन, संरक्षण, विकास र विस्तार गर्न 'राजा निकुञ्ज मौरीपालन कार्यालय गोकर्ण' नामाकरण गरी पूर्ण रूपमा कृषि विभाग अन्तर्गत राखी व्यवस्थापन गरिँदै आइएको थियो। २०६४/४/१७ को सचिवस्तरीय निर्णय अनुसार स्थायी व्यवस्था नभएसम्म गोकर्णबाट कार्यालय गोदावरीमा स्थानान्तरण गरिएको थियो।

कार्यालयको स्थायी स्थानान्तरणको लागि व्यवस्था गर्न विभिन्न स्थानहरूको स्थलगत अध्ययनबाट 'किम्बु नर्सरी व्यवस्थापन केन्द्र, भण्डारा चितवन'को हाताभित्र उपयुक्त ठहर गरी मिति २०६६/९/२२ को मन्त्रिपरिषदको बैठकबाट निर्णय भए अनुसार आ.व. ०६७/०६८ देखि किम्बु नर्सरी व्यवस्थापन केन्द्र भण्डारा चितवनको हाताभित्र स्थायी स्थानान्तरण गरी तराई तथा भित्री मधेशमा *एपिस मेलिफेरा* जातका मौरीको संरक्षण, विकास र विस्तार गर्ने गरी यस कार्यालयको व्यवस्था गरिएको छ।

यस कार्यक्रमको दीर्घकालीन सोच, उद्देश्य, रणनीति र कार्यनीति यस प्रकार रहेको छः

दीर्घकालीन अवधारणाः

- यस केन्द्रले मौरीजस्तै उत्पादनको गुणात्मक र परिणात्मक वृद्धि गरी मौरीजान्य उद्योग स्थापना गरी रोजगारीको अवसर सिर्जना गर्ने।
- मह र मौरीजान्य उत्पादनको विदेशमा निर्यात गरी देशको आर्थिक उन्नतिमा टेवा पुर्याउने।

उद्देश्यहरूः

- मौरीजान्य उपजहरूमा परिमाणात्मक एवं गुणात्मक वृद्धि ल्याउने।
- परागसेचनको माध्यमबाट कृषिजान्य उत्पादनमा वृद्धि गर्न सहयोग पुर्याउने।
- जनमानसमा चेतना बढाई मह सेवनमा वृद्धि ल्याउने।
- जैविक विविधता संरक्षणमा सहयोग पुर्याउने।
